
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २५ गते मंगलबार ❑ 9 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## संसदीय उपसमितिद्वारा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन

**पोखरापत्र संवाददाता**
गण्डकी, २४ असार

पर्यटकीय राजधानि पोखरामा नेपाल एयरलायन्सबाटै अन्तर्राष्ट्रिय हवाई उडान संचालन गर्न माग गरिएको छ।

सोमबार पोखरामा आयोजित एक कार्यक्रममा वोल्ने वक्ताहरुले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको डेढ बर्षमा पनि व्यवसायीक रुपमा अन्तर्राष्ट्रिय हवाई उडान हुन नसकेकोमा गुनासो गर्दै अब नेपाली राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलायन्सबाट अन्तर्राष्ट्रिय हवाई उडान गर्न माग गर्नु भएको हो।

प्रतिनिधि सभा सार्वजनिक लेखा समितिद्धारा गठन भएको पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको अध्ययन तथा अनुगमन उपसमितिको एक टोलीसंग सोमबार पोखराका क्षेत्रका पर्यटन व्यवसायी यहाँको निजी क्षेत्र, प्रदेश, स्थानिय सरकार र स्थानिय सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरु बिच भएको छलफल कार्यक्रममा सहभागिहरुले पोखराबाट नेपाल एयरलायन्सबाट पहिलो चरणमा अन्तर्राष्ट्रिय हवाई उडान तत्काल सुरु गर्न सुझाव दिनु भएको हो। उक्त विमानस्थल निर्माण गर्दा आर्थिक अनियमितताको भएको बिषय चर्चामा आएसँगै उक्त बिषयमा अध्ययनको लागि एक टोली अध्ययन तथा अवलोकन सहित प्रतिवेदन तयार गर्न उपसमितिका संयोजक राजेन्द्र लिङ्देनको संयोजकत्वमा एक टोली आइतबार



पोखरा आएको हो । उक्त विमानस्थल निर्माणको क्रममा भएको भ्रष्टचारको सत्यतथ्य सार्वजनिक गर्दै दोषी उपर कडा भन्दा कडा कार्वाही गर्न पोखरेलीले माग गरेको नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले बताउनु भयो । डिपिआर बन्नु पूर्व गहन छलफल विना पर्यटन मन्त्रालय र चाइनाको सीएमसी कम्पनीसंग उक्त परियोजनाको संझौता हुनुनै विमानस्थमा अनियमितताको सुरुवात त्यहीबाट भएको उहाँले दाबी गर्नु भयो । उक्त परियोजना ईपिसि मोडलमा स्विकृत भएको तर त्यसको बारेमा गहन अध्ययन नभएको पूर्व अध्यक्ष मुल्मीले बताउनु भयो । ३ सय ५ मिलियन डलरबाट २ सय १५.९६ मिलियन डलरसम्म कसरी घट्न सक्यो अर्को रहस्य भएको उहाँको भनाई छ।

त्यसै गरी पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले नेपालको पोखरा शहर अन्तराष्ट्रिय क्षेत्रमा पर्यटनको लागी परिचित प्रमुख गन्तव्य भएकोले पोखरा अर्न्तराष्ट्रिय विमानस्थल बाट नियमीत अन्तराष्ट्रिय उडान राष्ट्रिय ध्वजावाहक जहाज नेपाल एयरलाइन्सवाट शुरुवात गनुपर्ने जोडदार माग गर्नु भयो । पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अर्न्तराष्ट्रिय उडान भर्न नेपाल वाट अन्तराष्ट्रिय उडान सञ्चालन गरेका हवाई प्रदायक कम्पनीहरुलाई आवश्यक प्याकेजको व्यवस्था गरी पोखरा अन्तराष्ट्रिय विमानस्थल वाट उडान गर्न प्रेरित गनुपर्ने माग सहित परिषदले ७ बुंदे माग पत्र उपसमितिका संयोजक लिङ्देनलाई बुझाउनु भएको छ। त्यसै गरी पोखरा अर्न्तराष्ट्रिय विमानस्थल बाट अर्न्तराष्ट्रिय उडान गर्न आवश्यक निति, नियमहरु सहजिकरण गर्न, पोखरा अन्तराष्ट्रिय विमानस्थल बाट छिमेकी देशहरु भारत र चिनका मुख्यशहर हरुमा उडान गर्न राष्ट्रिय स्तरका हवाई कम्पनीहरुलाई अनुमती प्रदान गर्न, आन्तरिक हवाई सेवा प्रदायक कम्पनीहरुलाई पोखरा अन्तराष्ट्रिय विमानस्थलवाट देश भित्रका मुख्य शहरहरुमा सिधा उडान भर्नु अनिवाय गर्नुपर्ने, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको भिजिविलिटि १६०० मिटर हुदा पोखरा अन्तराष्ट्रिय विमानस्थको भिजिविलिटि ३७०० मिटर हुनू सोखरा अर्न्तराष्ट्रिय विमानस्थलवाट अन्तराष्ट्रिय उडान हुनुको मुख्य कारण हो ? यस विषयमा अध्ययन समितिको ध्यानाकर्षण गराउन गराएको छ भने त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडान गरीरहेका हवाई कम्पनीहरु लाई कम्तीमा पनि हप्तामा दुई वटा फ्लाईट पोखरा अन्तराष्ट्रिय विमानस्थलवाट सरकारले अनिवार्य रुपमा उडान गर्ने पर्ने गरी बाध्यकारी बनाउन परिषदले माग गरेको छ।

कार्यक्रममा गण्डकी प्रदेशमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा विमानस्थलको बिषयमा आफुहरुले पनि उत्तर दिन नसक्ने अबस्थामा रहेको गुनासो गर्दै पोखराबाट अन्तराष्ट्रिय हवाई उडान गर्न माग गर्नु भयो। पोखराका मेयर धनराज आचार्यले पटक पटक विभिन्न छानविन समितिहरु गठन भए पनि त्यसको कार्यान्वयन पक्ष फितलो भएको बताउदै, पोखरामा भएको विमानस्थलमा हाल दैनिक जसो ५ हजार जना पर्यटक ओहोर दोहोर गर्ने गरेको दाबी गर्नु भयो। भू राजनीतिकका कारण पोखराबाट अन्तराष्ट्रिय हवाई उडान हुन नसकेको उहाँको आरोप थियो । पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष विश्वशंकर पालिखेले ठुलो लगानीमा निर्माण भएको उक्त संरचनालाई दिगो रुपमा संचालन गर्ने बिषयमा नेपाल हवाई उड्डयन प्राधिकरण -क्यान)

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## स्याङ्जामा बाढीपहिरोले ९ जनाको ज्यान गयो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ असार

मनसुन सुरु भएयता स्याङ्जामा ठुलो जनधनको क्षती भएको छ। गत असार २१ र २२ गते आएको अविरल बर्षाले ७ जनाको ज्यान गएको छ।

यो भन्दा अगाडी दुईजनाले ज्यान गुमाइसकेका थिए। अहिले सम्म बाढी र पहिरोमा परी जिल्लामा ९ जनाले ज्यान गुमाइसकेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए । पहिरोमा परी बिरुवा गाउँपालिका ६ लामाखेतमा पहिरोले घर पुरिएर ६५ बर्षिय गुहेश्वरी हर्मा मरासिनी, ६७ बर्षिय हरिमाया शर्मा र सोही गाउपालिका ६ माझकोटमा ७१ बर्षिय माधव शर्माको ज्यान गएको छ। त्यसैगरी भीरकोट नगरपालिका ५ ज्यामिरेमा घर पुरिएर ७३ बर्षिय खेमकुमारी मल्लको ज्यान गएको छ। बाढीले बगाएर पर्वत जिल्ला फलेबास नगरपालिका १ का ४० बर्षिय झलक पौडेललाई आँधीखोलाले बगाएर मृत्यू भएको



छ भने पुतलीबजार १३ का सुरेश श्रेष्ठलाई आँधीखोलाले बगाएर मृत्यू भएको प्रहरीले जनाएको छ।

पुतलीबजार १ का ७४ बर्षिय तिल बहादुर भुजेललाई अरगौदी खोलाले बगाएर मृत्यू भएको छ । यसभन्दा अगाडी असार १४ गते घरमा सुतिरहेको अवस्थामा फेदिखोला ५ बाँगेकी ३१ बर्षिय दुर्गा जि.टी र उनकी ३ बर्षिय छोरी निसिका जि.टीको घरमाथी बाट आएको पहिरोले पुरिएर निधन भएको थियो। अहिले सम्म स्याङ्जामा पहिरोले पुरिएर ६ जनाको ज्यान गएको छ भने ३ जनाको बाढीले बगाएर ज्यान गएको प्रहरी नायव उपरीक्षक रानाले बताए। बाढी र पहिरोका कारण झण्डै एकदर्जन मानिसहरु घाइते भएका छन् भने सयौ संख्यामा घर जोखिममा परेर सुरक्षित ठाउँमा बसिरहेका छन् । जिल्लाका ११ ओटै पालिकामा पहिरोका कारण धैरै घरहरु जोखिममा रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाको तथ्याङ्कले देखाएको छ । बाढी र पहिरोले पुऱ्याएको क्षतीको विवरण आउनेक्रम जारी रहेको प्रहरीले जनाएको छ।

अविरल बर्षाका कारण स्याङ्जाको सिद्धार्थ राजमार्गका विभिन्न ठाउँमा पहिरो गएको छ भने ग्रामिण सडकहरु पनि पहिरोका कारण पुर्णरुपले सूचनारु हुन सकेका छैनन्।

## मनसुनपछिको विपद्मा परी ७४ जनाको मृत्यु, ८८ घाइते

**रासस**
काठमाडौं, २४ असार

नेपालमा मनसुन सुरु भएयता सोमबार दिउँसोसम्म देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो, डुबानलगायत विपद्मा परी ७४ जनाको मृत्यु भएको छभने ८८ जना घाइते भएका छन्।

विपद्जन्य घटनामा गरी काठमाडौं उपत्यकामा एक, कोशी प्रदेशमा १८, मधेस प्रदेशमा तीन, बागमती प्रदेशमा चार, गण्डकी प्रदेशमा २२, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चार गरी ७४ जनाको मृत्यु भएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।उहाँका अनुसार घाइते हुनेमध्ये काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २१, मधेसमा पाँच, बागमतीमा चार, गण्डकीमा २६, लुम्बिनीमा चार, कर्णालीमा १५ र सुदूरपश्चिममा १० जना गरी जम्मा ८८ जना रहेका छन्। साथै कोशी प्रदेशमा ४१ र गण्डकीमा १२ गरी ५३ जनाको उद्धार गरिएको छ। बाढी पहिरामा परी कोशी प्रदेशमा दुई, बागमतीमा दुई र सुदूरपश्चिममा एक गरी पाँचजना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । बाढीका कारण एक सय ६१ घर डुबानमा परेका र ९४ घर, ५३ गोठ, ४१ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छभने तीन सय ३५ पशुचौपाया मरेका प्रवक्ता कार्कीले बताउनुभयो।

## राजमार्गमा खाल्डैखाल्डा, यात्रा जोखिमपूर्ण

**रामबहादुर थापा**
गण्डकी, २४ असार

निरन्तर वर्षाले पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य राजमार्गको यात्रा जोखिमपूर्ण बनेको छ। ठाउँपिच्छे खाल्डाखुल्डी र हिलाम्मे सडकका कारण यात्रु र सवारीचालकले सास्ती खेप्नुपरिरहेको छ।

स्तरोन्नतिको चरणमा रहेका पोखरा-मुग्लिन र हरिचोक-याम्दी सडक समयमै नबन्दा वर्षातृमा हिलो र हिउँदमा धुलो छिचोल्दै यात्रा गर्नुपर्ने बाध्यता छ। पृथ्वी राजमार्गअन्तर्गत पोखरा महानगरपालिका-२९ भण्डारढिक, तालचोक, विजयपुर हुँदै मुख्य सहरी क्षेत्र प्रवेश गर्ने सडकको अवस्था नाजुक छ। वर्षातृका बेला चलिरहेको निर्माण कार्यले सडक अस्तव्यस्त देखिन्छ। सवारीसाधन पार्किङ गर्न उस्तै समस्या छ। अमरसिंहचोक, बुद्धचोकलगायत क्षेत्रमा वर्षातृको भलले सडक क्षत्विक्षत् बनाएको छ। पानी जमेका खाल्डाखुल्डीले सवारीसाधन चलाउन कठिनाइ भएको छ। सडक स्तरीय नहुँदा पैदलयात्रीलाई झन समस्या भएको छ। सामान्य मर्मत गर्नसमेत कसैको ध्यान पुगेको देखिन्न । सडककै कारण सवारीसाधन जाममा पर्ने गरेको चालक बताउँछन् । सडक निर्माणमा जति ढिलासुस्ती भयो उति समस्या लम्बिँदै जाने उनीहरुको भनाइ छ। मनसुन सक्रिय भएपछि पोखरा-मुग्लिन सडकमा यात्रा गर्न थप कष्टकर बनेको छ। दुई वर्षअघि सुरु भएको उक्त सडक विस्तार तथा स्तरोन्नति कार्य सुस्त गतिमा भइरहेको छ । आयोजना कार्यालयले सडक निर्माण पूरा हुन अझै दुई वर्ष लाग्ने जनाएको छ। पोखरा-बागलुङ राजमार्गअन्तर्गत दुई हजार दुई सय मिटरको हरिचोक-याम्दी सडक दुई वर्ष बित्दासमेत स्तरोन्ननि हुनसकेको छैन।पोखरालाई मध्यपहाडी लोकमार्ग हुँदै पश्चिम नेपालसँग जोड्ने उक्त सडकको काम निर्माण कम्पनीको ढिलासुस्तीले समयमै हुन नसकेको हो । पोखरा महानगरपालिका-१ का वडाध्यक्ष सहारा प्रधानले सडक निर्माण समयमै सक्न पटक-पटक दबाब दिँदा पनि सुनुवाइ हुन नसकेको बताउनुभयो । उक्त राजमार्ग भएर यात्रा गर्ने यात्रु मात्र नभएर स्थानीयवासी पनि धूलो र हिलोले हैरान छन् । वर्षातृमा ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा आयोजना कार्यालय र निर्माण कम्पनीप्रति स्थानीवासी रुष्ट छन् । सोही सडकका कारण पोखरासम्मको यात्रा झञ्झटिलो र लामो बनेको यात्रुको गुनासो छ। पोखराको जिरो किलोमिटरदेखि हरिचोक र याम्दीदेखि फेदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो। बीचको झण्डै दुई हजार दुई सय मिटर सडक विस्तार र कालोपत्र गर्न बाँकी रहेको पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयले जनाएको छ । केही ठाउँमा नाला निर्माण र पर्खाल चिन्ने काम भए पनि सडकको भौतिक प्रगति न्यून छ। आयोजना कार्यालयले कामलाई गति दिन निर्माण व्यवसायीलाई पटक-पटक ताकेका गर्दै आएको छ। आयोजनाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायत सरोकारवाला पक्षबीचको बैठकमा सडक निर्माण छिट्टै सक्ने प्रतिबद्धता जनाइए पनि कामले गति लिन नसकेको वडाध्यक्ष प्रधानले बताउनुभयो।

गत वर्ष साउनमा काठमाडौंको 'मोतीदान कन्स्ट्रक्सन सेवा प्रालि'ले निर्माणको जिम्मा पाएको थियो । २५ मिटर चौडा चार लेनको उक्त सडक दुई वर्षभित्र सक्नुपर्ने सम्झौता छ । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौं गाडी पोखरा आउजाउ गर्छन् । विसं २०७९ चैतदेखि निर्माण थालिएको पोखरा महानगरपालिका-२७ तालचोकदेखि ३१ बेगनास जोड्ने चार लेन सडक जीर्ण छ। यसै वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्य लिए पनि निर्माण कम्पनीको ढिलासुस्तीले उक्त सडक आयोजनाले गति लिन सकेको छैन । पोखरा महानगरपालिकाको सडक शाखाका इञ्जिनीयर नवीन गौतमले केही समयअघि कामै रोकेको ठेकेदार कम्पनीले पुनः अहिले जनशक्ति र उपकरण थपेर काम अघि बढाएको जानकारी दिनुभयो । सो सडक समयमा नबन्दा पोखरादेखि लमजुङ हुँदै मनाङसम्म जाने यात्रुलाई सास्ती भएको छ। बेगनासदेखि कास्कीको रुपमा गाउँपालिकासम्मको सडक पनि जीर्ण छ। तालचोक-बेगनाश विश्व बैंकको सहुलियत ऋण सहयोगमा ३.२८ किमिको उक्त सडकलाई चार लेनमा स्तरोन्नति गर्न 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेभी'ले निर्माणको जिम्मा पाएको थियो । ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माणको काम सुरु भएको थियो। फुट ट्र्याक, साइकल लेन र पार्किङसहितको नमुना सडक बन्ने उहाँको भनाइ छ। सडक छेउछाउमा बगैंचा, सडकबत्तीलगायत आकर्षक पूर्वाधार बनाउने योजना छ । सडकमा तीनवटा पुल पनि बनाइने छन् । अहिले सडक विस्तार, कल्भर्ट, नाला र पर्खाल निर्माणको काम भइरहेको इन्जिनीयर गौतमले बताउनुभयो । महानगरको गौरवको आयोजनाका रुपमा तालचोक-बेगनास सडक स्तरोन्नति कार्यलाई अगाडि बढाइएको हो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्ञ्जा मनसुनजन्य विपदमा उच्च जोखिममा

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २४ असार

हाल देशभर मनसुनी वायुको प्रभाव अझै रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले देशभर साधारणदेखि पूर्णतया बदली रहने जानकारी दिदै आएको छ । देशका सात प्रदेश अनुसार गण्डकी प्रदेशमा पनि भारी बर्षा हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । भारी वर्षाको सम्भावना अझै रहेको जनाउँदै विभागले ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढीपहिरोको जोखिम वा क्षतिबाट बच्न सबै नागरिकलाई आग्रह गरेको छ । भारी वर्षाबाट दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले सतर्कता अपनाउन पनि विभागले अनुरोध गरेको छ ।

यो प्रभाव स्याङ्जामा पनि अझै हुने जिल्ला सुरक्षा समितिले जनाएको छ । जिल्लाका नागरिकलाई मौसमजन्य प्रकोपबाट बचाउन चौविसै घण्टा नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनालाई हाइअलर्टमा रहिरहने व्यवस्था मिलाएको जनाएको छ। स्याङ्जा पहाडी भुभाग धैरै भएको जिल्ला भएकाले बाढी पहिरोको अत्याधिक सम्भावना रहेकाले फेरी पनि जान सक्ने भएकाले सुरक्षित रहन समेत सबै नागरिकलाई जिल्ला सुरक्षा समितिले आग्रह गरेको छ । यो बर्ष अत्याधिक बर्षा हुने र गण्डकी प्रदेशका ११ जिल्ला मध्ये ८ जिल्ला उच्च जोखिममा रहेको गृहमन्त्रालयले जनाएको छ । ८ जिल्ला मध्ये स्याङ्जा पनि मनसुनजन्य विपदको उच्च जोखिममा रहेको भन्दै जिल्ला सुरक्षा समितिले आफ्नो तयारी चालु अवस्थामा रहेको जनाएको छ ।

गतबर्ष कास्की र लमजुङ्मा अत्याधिक बर्षा भएको र यो बर्ष स्याङ्जामा गतबर्षको भन्दा बढी बर्षा हुने सम्भावना जल तथा मौसम पुर्वानुमान विभागले जनाएको छ । गतबर्ष स्याङ्जामा ६ सय मिलिलिटर बर्षा भएकोमा यो बर्ष ९ सय देखी ११ सय मिलिमिटर बर्षा हुने अनुमान विभागले लगाएको छ। विभागले दिएको जानकारी अनुसार जिल्ला सुरक्षा समिति स्याङ्जाले मनसुनजन्य विपद प्रतिकार्य तयारी टोली समेत निर्माण गरेको आँधीखोला व्यारेक सिंह शार्दुल गुल्मका सेनानी गुल्मपति पुरुषोत्तम कार्कीले जानकारी दिए । उनका अनुसार स्याङ्जा मुख्यतया खोला तथा नदी किनारा र भिरालो एंव कमजोर जमिनमा मानववस्तीहरु रहेकोले नदी नालाको बहाव क्षेत्र मिचेर भौतिक संरचना निर्माणले गर्दा नदी बग्ने रुट परिवर्तन हुनु, भिरालो जमिनमा सडक विस्तार गर्नु र बढ्दो शहरीकरण सगै अवेव्यस्थित बसाईका कारण मनसुनजन्य विपद निम्तिने आकलन गरिएको छ । जथाभावी ढुङ्गा, गिट्टी, बालुवा र वनपैदावर जस्था प्राकृतिक श्रोतको दोहन र उत्खननूले गर्दा स्याङ्जा पनि जोखिममा रहेको सुरक्षा समितिले आकलन गरेको सेनानी कार्कीले बताए ।

गण्डकी प्रदेशका जिल्लाहरु मध्ये कास्की, म्याग्दी, बागलुङ, तनहुँ र स्याङ्जा बाढीको जोखिममा रहेका छन् भने पहिरोको जोखिममा ४ जिल्ला मध्ये लमजुङ्ग, गोरखा, पर्वत र स्याङ्जा हुन् । स्याङ्जा बाढी र पहिरोको दुवै जोखिम रहेको जिल्लामा परेको छ । जिल्लाका ११ ओटै पालिका बाढी पहिरोको जोखिममा रहेको नेपाली सेनाले तयार पारेको रिर्पोटमा छ । आँधीखोला व्यारेक सिंह शार्दुल गुल्मका गुल्मपति कार्कीले दिएको जानकारी अनुसार अधिकांश पालिकाहरु बाढीको भन्दा पहिरोको जोखिममा उच्च रहेको छ । पहिरोको उच्च जोखिममा रहेका पालिकाहरु गल्याङ नगरपालिका, चापाकोट नगरपालिका,फेदिखोलागाउँपालिका, आँधीखोला गाउँपालिका, बिरुवा गाउँपालिका र कालीगण्डकी गाउँपालिका रहेका छन् । अन्य पालिकामा पहिरो जोखिम न्युन रहेको छ ।

त्यसैगरी बाढीको पनि उत्तिकै जोखिम देखिएको नेपाली सेनाको रिपोर्टले देखाएको छ । बाढीबाट उच्च जोखिममा रहेका पालिकाहरु पुतलीबजार, वालिङ नगरपालिका र बिरुवा गाउँपालिका रहेको छ । भीरकोट नगरपालिका र अर्जुनचौपारी, हरिनास गाउँपालिका भने बाढी र पहिरोको जोखिममा मध्यम देखिएको छ । ११ पालिका मध्ये बाढी र पहिरोको दुवै जोखिममा बिरुवा गाउँपालिका रहेको छ। असार २१ र २२ गते आएको अविरल बर्षाले बिरुवामा अन्य पालिकाको तुलनामा जनधनको क्षती पुऱ्याएको छ । सिंह शार्दुल गणका गणपति कार्कीले सेनाले विपद व्यवस्थापन सामाग्रीहरु सहित ४० जनाको टोली तयारी अवस्थामा रहिरहेको जानकारी दिए । तयारी अवस्थामा रहेको जनशक्ति मनसुनजन्य विपद्मा प्रभावकारी खोज तथा उद्धार कार्यमा तालिमप्राप्त हुन् ।

विगत १० बर्षदेखी स्याङ्जामा मनसुनजन्य विपदको आकलन गरी जिल्ला सुरक्षा समितिले अझै यो बर्ष स्याङ्जाका ११ ओटै पालिकामा बर्षाले पार्न सक्ने प्रभावलाई औल्याएर प्रतिकार्यको तयारी थालेको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जानकारी दिइन् । मनसुनजन्य विपद प्रतिकार्यका लागि हामी तयारी अवस्थामा छौं प्रजिअ नेपालले भनिन्,'सबै पालिकाका जनप्रतिनिधिहरुको विपद प्रतिकार्यमा सहयोग हुने अपेक्षा राखेका छौं ।' सबै मिलेर नै मनसुनजन्य विपदलाई सामाना गर्न सक्छौं, सबैले आ–आफ्ना क्षेत्रबाट भुमिका निर्वाह गर्नुपर्छ उनले भनिन्।

जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा विपद सहायता कक्षा गठन भइसकेको र यो ११ ओटै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा विपद सहायता कक्ष गठन भइसकेको प्रशासनले जनाएको छ। कुनै पनि बेला, समयमा आइपर्ने विपदको जानकारी स्थानीय पालिका वा नजिकको प्रहरीलाई खबर गर्न पनि जिल्ला प्रशासनले आग्रह गरेको छ।

# रोटरी क्लब लेकसाइडको नवौं पदस्थापना



**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

रोटरी क्लब अफ पोखरा लेकसाइडको नवौं पदस्थापन समारोहमा वर्ष-२०२४/२५ अध्यक्ष उपेन्द्र अधिकारीले पदभार ग्रहण गरेका छन् ।

रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ नेपाल भुटान वर्ष-२०२४/२५ का गभर्नर इलेक्ट विनोद कोइरालाले अधिकारी नेतृत्वको टिमको पदस्थापना गराएका हुन् । समारोहमा गभर्नर इलेक्ट कोइरालाले रोटरीले वातावरण, शिक्षा, खानेपानी, स्वास्थ्य लगायत क्षेत्रमा रोटरीले काम गर्दै आएको बताए । रोटरी लेकसाइडका सल्लाहकारसमेत रहेका उनले क्लबको स्थापनादेखि नै विभिन्न सर्भिस प्रोजेक्टमा नजिक रहेको उल्लेख गर्दै क्लबले यस वर्ष प्रशंसनीय कार्य गरेकोमा धन्यवाद दिए । उनले कास्की लगायत क्षेत्रको ग्रामीण भेगमा बाँदर समस्या समाधानमा ध्यान दिनुपर्ने उल्लेख गरे। कार्यक्रममा रोटरीका पूर्व गभर्नर किरणलाल श्रेष्ठले समाजलाई कसरी परिवर्तन गर्न सकिन्छ भन्नेबारेमा सोच्नुपर्ने बताए । असिस्टेन्ट गभर्नर गीता सिग्देलले रोटरी सामाजिक कार्यमा क्रियाशील रहेको अन्तर्राष्ट्रिय संस्था रहेको बताइन् । क्लबका चार्टर प्रेसिडेन्ट सुन्दरकुमार श्रेष्ठले क्लबको स्थापनाकालको स्मरण गर्दै रोटरीलाई जीवन्तता दिनुपर्ने बताए । उनले अब बन्ने गभर्नर विनोद कोइराला पोखरेली रहेको र उनी डायनामिक व्यक्तित्व भन्दै खुसी व्यक्त गरे ।

क्लबका आइपिपि शोभाकान्त सिग्देलले एकवर्षे कार्यकालमा भएका गतिविधि प्रस्तुत गर्दै सहयोगी सम्पूर्णलाई धन्यवाद दिए। प्रमुख अतिथि कोइरालाको परिचय दिँदै क्लब पूर्व अध्यक्ष जयराम पौडेलले रोटरी फिस्टेलमा चार्टर सेक्रेटरी हुँदै हाल अहिले यो पदमा पुग्न सफल भएको जानकारी दिए।

वर्ष २०२४/२५ का अध्यक्ष अधिकारीले आफ्नो कार्यकालका लागि क्लब अफ एक्सन प्रस्तुत गरे । सो अवसरमा क्लबले प्रकाशन गरेको स्मारिका 'द फेवा' विमोचन भयो । यसैबीच, बाबा फाउन्डेसनसँग पोखरा क्षेत्रको साक्षरता, खानेपानी, सरसफाइ र वातावरण अभियानमा सहकार्यका लागि ७ बुँदे सहमति भएको छ । सहमतिपत्रमा क्लब अध्यक्ष अधिकारी र फाउण्डेसनतर्फबाट दिलीपराज श्रेष्ठले हस्ताक्षर गरेका छन्। सो अवसरमा क्लबका चार्टर मेम्बर पत्रकार विजय नेपाललाई मायाको चिनो र नगदसहित सम्मान गरियो । कार्यक्रममा स्वागत उपाध्यक्ष टोपबहादुर थापा र सञ्चालन सचिव सुभाष मल्लले गरेका थिए । धन्यवाद ज्ञापन प्रेसिडेन्ट इलेक्ट राजेन्द्र लिगलले गरे । सन् २०१७ जनवरी ५ मा ५० जना सदस्य मिलेर क्लबको स्थापना भएको हो।

# शुभकामना आमा समुहका सदस्यलाई नेतृत्व विकास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार




शुभकामना आमा समुहको आयोजना एवम पोखरा महानगरपालिका वडा नं १७ को आर्थिक सहयोगमा आयोजित एक दिने क्षमता अभिवृद्धि एवम् नेतृत्व विकास तालिम सम्पन्न भएको छ।

आमा समुहका प्रत्येक गतिविधि सञ्चालनलाई प्रभावकारी बनाउने उदेश्यले आयोजित तालिममा ४५ जनाको समुहका सदस्यहरुको सहभागिता रहेको थियो। तालिममा घनश्याम पाण्डेले प्रशिक्षण दिनुभएको थियो । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले तालिमको उद्घाटन गर्दै तालिमबाट प्राप्त सिपलाई व्यवहारमा उतार्दै समुहका कार्यक्रम सञ्चालनमा प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो। आमा समुहको बैठक तथा औपचारिक कार्यक्रम सञ्चालन, माइनुट लेखनका साथै प्रस्तुतिमा तालिम कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै उहाँले नेतृत्व विकास गर्दै राजनैतिक,सामाजिक तथा आर्थिक विकासमा जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो।

पोखरा १७ का वडासदस्य शिवराम भण्डारीले सकृय सहभागिताबाट मात्र तालिमले सफलता प्राप्त गर्ने विश्वास व्यक्त गर्दै प्राप्त सिपलाई व्यवहारमा उतर्न सहभागिलाई आग्रह गर्नुभयो। समुहका अध्यक्ष कोकिला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. १७ का सचिव प्रमीला सुवेदी, म्यूजियम मार्ग टोल सुधार समितिका अध्यक्ष एवम् सञ्चारकर्मी हरि बास्तोला, समुहका उपाध्यक्ष अञ्जु गुरुङ, सचिव मिना द्धारे लगायतले तालिमको महत्व र उपदेयता बारेमा चर्चा गर्नुभएको थियो।

# संसदीय ...

चुकेको दाबी गर्नु भयो । पोखरा विमानस्थलको ६ मिटर उचाई घटाउनु अनियमितता भएको उहाँको दाबी थियो । पोखराका पर्यटन व्यवसायी गोपी बहादुर भट्टराईले पोखरा विमानस्थलमा पार्किङ शुल्क देखि समस्या रहेको उल्लेख गर्दै पोखरा विमानस्थल, नेपाल भ्रमण बर्षको आधारमा भएको खबौंको लगानीको राज्यले सुरक्षित हुने वातावरण तयार गर्न पोखराबाट अनिवार्य रुपमा अन्तराष्ट्रिय विमानस्थल संचालन गर्नुपर्ने दाबी गर्नु भयो । कार्यक्रममा पोखराका व्यवसायी असोक पालिखेले भुटानले पोखरामा अन्तराष्ट्रिय हवाई उडान गर्न चाहेर पनि किन रोकएको हो भनी प्रश्न गर्दै विमानस्थल निर्माणमा दोषी उपर कार्वाही गर्न माग गर्न माग गर्नु भयो । पोखरा विमानस्थलको नाम अनुसार व्यहारमा लागु हुने गरी अन्तराष्ट्रिय हवाई उडान गर्नुपर्ने पोखरा १४ का वडा अध्यक्ष बोधराज कार्कीले बताउनु भयो। अबौंको परियोजना बने पनि स्थानिय रुपमा उक्त परियोजनाले गर्ने केही भौतिक पूर्वाधार निर्माणमा ढिलासुस्ती गरेको उहाँको आरोप थियो।

उक्त विमानस्थल निर्माण सम्पन्न भई हाल संचालनमा आएको डेढ बर्ष पछि आर्थिक अनियमितताको छानबिन गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले गठन गरेको उपसमितिले हाल चासो देखाउदै अध्ययन गर्न पोखरा आएको हो। असार १३ गते राजेन्द्र लिङ्देनको संयोजकत्वमा १२ सदस्यीय उपसमिति गठन गरेको थियो । टोलीले पोखरा विमानस्थल सहित रिठ्ठेपानी डाँडा लगायतको बिषयमा अध्ययन अवलोकन तथा सोधपुछ गरेको समितिले जनाएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे महालेखापरीक्षकको कार्यालयले पनि कैफियत देखाएको छ भने अख्तियारले समेत यस अघि छापा मारी अध्ययन गर्दै गरेको अवस्था रहेको छ । महालेखाले आफ्नो ६१ औं प्रतिवेदनमा विमानस्थलमा रहेको समस्या हटाएर अन्तर्राष्ट्रिय उडान गर्न सुझाव दिएको छ।

उक्त विमानस्थलको बारेमा सम्बन्धित निकायसंग आइतबार र सोमबार जानकारी लिने र फिल्ड भिजिट समेत गर्ने गरी आफुहरुको एक टोली आइतबार पोखरा आएको संयोजक लिङ्देनले बताउनु भयो । आफुहरुले लागत, पहिले देखि हालको अबस्था, यसको उद्धेश्य र आवश्यकताको बारेमा समेत सोधपुछ भएको उहाँको भनाई थियो । सुझावमा आएका बिषय बस्तु माथि आफुहरुले गहन अध्ययन गर्ने उहाँले जनाउनु भयो ।

करिब २२ अर्बमा उक्त विमानस्थल निर्माण भएको हो । पोखरा विमानस्थल निर्माणसम्बन्धी लिङ्देनको संयोजकत्वमा गठित उपसमितिमा अर्जुननरसिंह केसी, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, तारा लामा तामाङ, तेजुलाल चौधरी, दिपक गिरी, देवप्रसाद तिमल्सिना, प्रेमबहादुर आले, रामकृष्ण यादव, रुक्मणी राना बराइली र लेखनाथ दाहाल सदस्य रहनु भएको छ। पोखरामा चाट्र्ड बाहेक नियमति हवाई अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । चाइना, भुटानबाट यस अघि चाट्र्ड हवाई उडान मात्र भएको छ। चाइनाको सिएएमसी कम्पनीले चाइनाकै एम्जिम बैंकसंगको सहकार्यमा ऋण सहायतामा उक्त परियोजना डेढ बर्ष अघि सम्पन्न गरेको थियो । ९३ प्रतिशत मात्र निर्माण कार्य सकिदा उक्त परियोजना हतारमा हस्तान्तरण हुनु अर्को राज्य पक्षबाटे गलत भएको सहभागिले गुनासो गर्नु भएको थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पुरानै शैलीमा पुन:निर्माण हुँदै लमजुङ दरबार

रामबहादुर थापा र जनक श्रेष्ठ
गण्डकी, २४ असार /रासस

चौबिसे राज्यका पालाको लमजुङ दरबार पुनःनिर्माण भइरहेको छ। सोह्रौं शताब्दीमा बनेको जिकिर गरिएको उक्त दरबार जीर्ण भएपछि पुरातत्व विभागले दुई वर्षअघि पुनःनिर्माण थालेको थियो । विभागका इन्जिनियर गोविन्द अधिकारीका अनुसार दरबार पुनःनिर्माणमा झण्डै ७० प्रतिशत भौतिक प्रगति भएको छ ।

"स्रोतको कमी भएन भने आगामी आर्थिक वर्षभित्रमा काम पूरा गर्ने लक्ष्य लिइएको छ", उहाँले भन्नुभयो, "यो वर्ष बजेट कम भएकाले सोचे जति काम हुन सकेन।" गत आवमा रु एक करोड ३३ लाख बजेटबाट पुनःनिर्माण सुरु गरिएकामा चालु आवमा सरकारले जम्मा रु ५० लाख बजेट छुट्टाएको थियो । पहिलो वर्ष भक्तपुरको निर्माण कम्पनी 'एनपिएस' र यो वर्ष भक्तपुरकै 'आरजिएस/ विष्णु जेभी'ले दरबार पुनःनिर्माणको जिम्मा पाएको हो ।

इन्जिनियर अधिकारीले पुरानै शैली र स्वरुपमा दरबारको पुनःनिर्माण भइरहेको बताउनुभयो । दरबारसहित ऐतिहासिक कालिका मन्दिरको पुनःनिर्माण पनि सँगसँगै भइरहेको उहाँको भनाइ छ। दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्नेछ। दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याइएको इन्जिनियर अधिकारीले जानकारी दिनुभयो।

"परम्परागत वास्तुकला झल्काउने गरी दरबार र मन्दिर पुनःनिर्माणको काम भइरहको छ, पुरातात्विक महत्वको संरचना भएकाले निर्माण सामग्री पनि महँगो पर्छ, मेहनत र समय पनि उत्तिकै लाग्छ", उहाँले भन्नुभयो, "मौलिक शैली र स्वरुपमा दरबार बन्छ ।" दोस्रो तलाको गारो र झ्याल-ढोका राख्ने काम भइसकेको उहाँले बताउनुभयो।

उक्त ऐतिहासिक दरबारको संरक्षण योजनाअन्तर्गत पुरातत्व विभागले पुनःनिर्माणमा अगुवाइ गरेको हो । गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले यसै आवभित्र दरबार पुनःनिर्माण गरिसक्ने लक्ष्य लिइए पनि बजेटको सीमितताका कारण कामको प्रगति सुस्त देखिएको बताउनुभयो ।

"अघिल्लो वर्षको तुलनामा यो वर्ष बजेट झन घटेर आयो, पर्याप्त बजेट आएन भने आउँदो वर्ष पनि दरबार पुनःनिर्माण पूरा हुने देखिन्न", उहाँले भन्नुभयो, "पुरातत्व विभागले पुनःनिर्माणको काम गरे पनि लमजुङ दरबार कुन सरकारको मातहत रहने भन्ने अन्योल रहँदा ऐतिहासिक महत्वको सम्पदा ओझेलमा परेको छ ।" एतिहासिक धरोहरको रुपमा रहेको दरबार पुनःनिर्माण तथा व्यवस्थापनमा सङ्घ, प्रदेश सरकार र स्थानीय तहले लगानी गर्नुपर्ने उहाँको भनाइ छ ।

लमजुङका बैंसीसहर गाउँपालिका-३ गाउँसहरमा अवस्थित उक्त दरबार तथा कालिका मन्दिरलाई ऐतिहासिक तथा सांस्कृतिक सम्पदास्थलका रुपमा विकास गर्नुपर्ने आवाज जनस्तरबाट उठ्दै आएको छ । जीर्ण भएर अलपत्र अवस्थामा पुगेको दरबार पुनःनिर्माणले नयाँ आशा जगाएको अध्यक्ष बोहोराले बताउनुभयो ।

"छिटो पुनःनिर्माण पूरा गर्न सकिएमा दरबारलाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न सकिन्छ, यसबाट सिङ्गै लमजुङ जिल्लाको पहिचान र चिनारी देश विदेशमा फैलिन्छ", उहाँले भन्नुभयो । गाउँसहरका भीमबहादुर गुरुङले पहिले झिङ्गटीले छाएको दरबार रहेको सुनाउनुभयो । पछिल्लो समय दरबारको छानो ढुङ्गाले छाइएको थियो ।

"बाउबाजेका पालादेखि नै यहाँ दरबार थियो, बडादसैं र चैतेदसैंमा यहाँ विशेष पूजाआजा हुन्छ, टाढाटाढाबाट मानिस दरबार हेर्न गाउँसहर आउँछन्", ७० वर्षीय गुरुङले भन्नुभयो, "दरबार पुरानो भएर छानो पनि चुहिने भएको थियो, अब नयाँ बन्न लागेको छ, हामी खुसी छौँ ।" विसं १५५० मा राजा यशोबह्म शाहले शासन सुरु गरेको उक्त दरबारमा पुराना तोप, तरबार, भालालगायत सामग्री सुरक्षित छन् । दरबार परिसरमा लमजुङराज्यका पहिलो राजा यशोबह्मको अर्थकदको सालिकसमेत बनाइएको छ। समुद्री सतहदेखि एक हजार चार सय ४५ मिटर उचाइमा रहेको उक्त दरबारमा सदरमुकाम बैँसीसहरदेखि ३० मिनेटको मोटर यात्रामा पुगिन्छ। पर्यटकीय गाउँ काउलेपानीदेखि नजिकै दरबार अवस्थित छ। दरबारले १६ रोपनी क्षेत्रफल ओगटेको व्यवस्थापन समितिका अध्यक्ष बोहोराले जानकारी दिनुभयो ।

**यस्तो छ लमजुङ दरबारको इतिहास**

चौबिसे राज्य स्थापना हुने सिलसिलामा विसं १५२४ मा कास्की राज्य स्थापना भएको थियो । कास्कीका राजा कुलमण्डन शाहले आफ्ना माइला छोरा कालु शाहलाई लमजुङ राज्य स्थापना गर्न भनी पठाएको डा राजाराम सुवेदीद्वारा लिखित 'लजमुङ राज्य' शीर्षकको आलेखमा उल्लेख छ।

राज्य स्थापनाका लागि जाने क्रममा घले राजाका सेनाहरूबाट उनी मारिएपछि लमजुङका खाजे दुरा, नारायण दुरा, कुश्माखर घिमिरेलगायत ठकुरी राजा माग्न कास्कीकोट गएको सन्दर्भ उक्त आलेखमा छ ।

राजा माग्न गएका लमजुङेलाई कास्कीका राजा कुलमण्डनले बेस्सरी हकारेको र आफ्ना कान्छा छोरा यशोबह्मलाई राजा बनाउन लमजुङ खटाएको इतिहासमा उल्लेख छ । कास्कीकोटबाट आएका यशोबह्मले विसं १५५० असार १५ गते लमजुङ राज्यको गद्दी सम्हालेका थिए । राजा यशोबह्मको मृत्युपछि उनका जेठा छोरा नरहरि शाह विसं १५९८ मा लमजुङ राज्यको राजा भए । नरहरिपछि चुडा शाह, अचित शाह, नरेन्द्र शाह, केहरीनारायण शाह, भीम शाह, रीपुमर्दन शाह, वीमर्दन शाह गरी नौ पुस्ताले सो दरबारबाट शासन चलाएका थिए।

विसं १८३९ कात्तिकसम्म शाहवंशका राजाले लमजुङ दरबारबाट शासन चलाएको इतिहासमा उल्लेख छ । शाहवंश आउनुअघि यहाँ घलेराजाले राजकाज चलाउने गर्दथे । प्राचिनकालबाटै लमजुङ क्षेत्र लिच्छवि शासनअन्तर्गत पर्थ्यो ।

पृथ्वीनाराण शाहले बाइसे चौबिसे राज्यलाई एकीकरण गरी अखण्ड नेपाल विस्तारको अभियान थाले । विसं १८३९ मा पृथ्वीनारायण शाहकी बुहारी राजेन्द्रलक्ष्मी शाहको पालामा लमजुङ नेपाल राज्यमा गाभिएको जानकारहरूको भनाइ छ ।

# कर्मशिल सहकारीको रक्तदानमा ३५ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २४ असार




पोखरा महानगरपालिका वडा नं ८ न्यूरोड अवस्थित कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं स्थापना दिवसका अवसरमा आयोजित रक्तदान कार्यक्रममा ३५ युनिट रगत संकलन भएको छ ।

रक्तदान कार्यक्रमका प्रमुख अतिथि नेफ्कून कार्यालय प्रमुख सूर्य प्रसाद तिमिल्सिनाले रक्तदान जीवनदान भएको बताउँदै यसको महत्वबारे प्रकाश पार्नुभयो । यसैगरी बिषेश अतिथि रक्त संचार केन्द्रका कार्यालय प्रमुख अर्जुन प्रसाद ज्ञावाली, अतिथि प्रहरी तालिम केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादव एवम् संस्थाका पदाधिकारी, संचालक, कर्मचारीहरु रहनु भएको रक्तदान कार्यक्रमको अध्यक्ष संस्थाका अध्यक्ष संगिता गौतम तिमिल्सिनाले गर्नु भएको थियो।

सो अवसरमा अध्यक्ष तिमिल्सिनाले सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान लगायतका कार्यक्रम सहकारी संस्थाले सञ्चालन गदै आएको बताउनुभयो ।

# बेनीका सात विद्यालयको कक्षा घटुवा

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असार

म्याग्दीको बेनी नगरपालिकाले चालु शैक्षिक सत्रमा विद्यार्थी सङ्ख्या न्यून भएका सातवटा विद्यालयको कक्षा घटुवा गरेको छ।

सात जनाभन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयको कक्षा घटुवा गरेर त्यहाँ कार्यरत १७ जना शिक्षकलाई विद्यार्थीको चाप भएका विद्यालयमा व्यवस्थापन गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव हेमचन्द्र पौडेलले कक्षा घटुवा हुने अधिकांश विद्यालय आधारभूत तहका रहेका बताउनुभयो। "सुविधायुक्त भवन, इन्टरनेट, विद्युत्, खानेपानी, शौचालय, कम्प्युटरसहितका पूर्वाधार उपलब्ध भए पनि बसाइँसराइका कारण ग्रामीण भेगका सामुदायिक विद्यालयमा बर्सेनि विद्यार्थी सङ्ख्या घट्दै जानुलाई चुनौतीका रुपमा लिएका छौँ", उहाँले भन्नुभयो, "कक्षा सञ्चालनका लागि विद्यार्थी नभएपछि गत शैक्षिक वर्षमा ११ विद्यालयको तह समायोजन (कक्षा घटुवा) भएको थियो।"

कक्षा ४ सम्मको पढाइ हुने चेतना आधारभूत विद्यालयमा कक्षा १ सम्म झारेर एक जना शिक्षकलाई बेनी सामुदायिक माविमा व्यवस्थापन गरिएको छ। बेनपा-९ को पद्यमबराह आधारभूतलाई १-५ बाट कक्षा १ सम्म झारेर त्यहाँका शिक्षकलाई बराह आधारभूतमा पठाइएको छ।

१-५ बाट १-३ मा झारिएको ढोलथान आधारभूतका दुई जना शिक्षकको दरबन्दी भने सोही विद्यालयमा कायम गरिएको छ । १-८ बाट १-५ कक्षामा झरेको बेनपा-२ को हंशबाहिनी आधारभूत विद्यालयका एक जना शिक्षकलाई बालमन्दिर र एक जनालाई सरस्वती आधारभूत विद्यालयमा व्यवस्थापन गरिएको शिक्षा उपसचिव पौडेलले बताउनुभयो। १-५ बाट १-३ मा झारिएको गणेश आधारभूत विद्यालय बेनपा-५ का दुई जना शिक्षकलाई प्रकाश मावि र सरस्वती मावि तातोपानीमा व्यवस्थापन गरिएको छ । १-५ बाट १-३ मा झारिएको जगन्नाध आधारभूत विद्यालयमा दुई जनामा शिक्षक राखिएको छ।

१-५ बाट १-३ मा झरेको बेनपा-४ थामडाँडाको भृकुटी आधारभूतका एक जना शिक्षकलाई भूमे आधारभूतमा स्थानान्तरण गरिएको छ। अर्का एक जना शिक्षक अनिवार्य अवकाश लिने तयारीमा भएकाले सोही विद्यालयमा राखिएको छ।

समायोजन भएका विद्यालयका विद्यार्थीलाई नजिकैको अर्को विद्यालयमा पठनपाठन गर्ने व्यवस्था मिलाइएको र नजिकै अर्को विद्यालय नभएका ठाउँका बालबालिका शिक्षाबाट वञ्चित नहोउन् भनेर कक्षा समायोजन नगरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो।

तीव्र बसाइँसराइ, निजी विद्यालयतर्फको आकर्षण, अभिभावकको विश्वास जगाउन नसक्नु, अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्नु नसक्नुले सामुदायिक विद्यालय सङ्कटमा पर्न थालेका छन् भने विषयगत शिक्षक नपाउनु अर्को समस्या भएको छ।

# बागलुङमा पहिरो पटक भेटियो कालाजार

पोखरापत्र संवाददाता
बागलुङ, २४ असार

बागलुङमा पहिरोपटक कालाजारको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय बागलुङका अनुसार ढोरपाटन नगरपालिकाका ६१ वर्षीय पुरुषमा कालाजार देखिएको हो।

परजीवीकाले टोक्दा मानिसको मृत्युका कारणमध्ये कालाजार औलोपछिको दोस्रो रोग हो । 'स्यान्ड फ्लाई' नामक भुसुनाको टोकाइबाट कालाजारको सङ्क्रमण हुन्छ । उक्त सङ्क्रमण देखिएका स्थानका ४१ जनामा स्वास्थ्य परीक्षण समेत भइसकेको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । जिल्लामा पहिलोपटक कालाजार देखिएकाले कालाजार देखिएका स्थानमा उच्च सतर्कता अपनाइएको छ।

साथै अनुगमन बढाइएको छभने आगामी दिनमा कालाजारको थप अध्ययन गरिने उक्त कार्यालयका प्रमुख बाबुराम आचार्यले जानकारी दिनुभयो । "विभिन्न नयाँ तथा पुराना रोग तथा सङ्क्रमणहरूको खोजपडतालअन्तर्गत ढोरपाटनका एक वृद्धमा उच्च ज्वरो देखिएपछि थप उपचारका लागि बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरी लुम्बीनी मेडिकल कलेज पुऱ्याउदा कालाजार सङ्क्रमण पुष्टि भएको हो", प्रमुख आचार्यले भन्नुभयो, "उक्त स्थानमा तत्कालै स्वास्थ्यकर्मी पुऱ्याएर उहाँसहित ४१ जनाको नमूना सर्वेक्षण गरिएको थियो ।" आचार्यका अनुसार गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षमा ढोरपाटनको छेन्तुङ क्षेत्रमा कालाजारको अध्ययन गरिनेछ।

कालाजार पुष्टि भएका वृद्धको शरीरको तौल अत्यधिक मात्रामा घटेको पाइएको कार्यालयका मलेरिया इन्स्पेक्टर कमला थापाले जानकारी दिनुभयो । कालाजार देखिएपछि १४ दिनभन्दा बढी उच्च ज्वरो आउनु, तौल घट्नु र शारीरिक रूपमा कमजोरी देखिने जस्ता लक्षण देखिन्छन्।

# कोरोना भाइरसविरुद्धका १६ लाख ६८ हजार मात्रा खोप आयो

रासस
काठमाडौ, २४ असार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको फाइजरको 'मनोभ्यालेन्ट' नामक १६ लाख ६८ हजार चार सय ८० मात्रा खोप ल्याएको जनाएको छ।

स्वास्थ्य सेवा विभागका आपूर्ति व्यवस्थापन शाखाकी फार्मेसी अधिकृत निशा पराजुलीका अनुसार वयस्क (१२ वर्षभन्दा माथिका) १६ लाख एक हजार दुई सय ८० मात्रा र बालबालिका (६ देखि १२ वर्षमुनिका) लागि ६७ हजार दुई सय मात्रा खोप ल्याएको जानकारी दिनुभयो । यही असार १६ गते दुई लाख ७६ हजार चार सय ८० मात्रा, असार १७ गते दुई लाख ७० हजार सात सय २० मात्रा, असार १८ गते दुई लाख ७६ हजार चार सय ८० मात्रा, असार २० गते दुई लाख ७६ हजार चार सय ८० मात्रा, असार २१ गते दुई लाख ७० हजार सात सय २० मात्रा र असार २३ गते दुई लाख ३० हजार चार सय मात्रा खोप नेपाल आएको हो । खोप ग्लोबल एलाएन्स फर व्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)बाट अनुदानमा ल्याइएको जनाइएको छ । नेपालमा गत जेठमा नयाँ भेरियन्ट 'केपी.१' 'केपी.२' 'केपी.३' र 'केपी.४' देखिएसँगै सरकारले खोप ल्याएको हो।

# गोस्तेका बाढी पीडितलाई रोल्पा-पोखरा सम्पर्क समाजको राहत

पोखरापत्र संवाददाता
पोखरा, २४ असार



अविरल वर्षाका कारण सेती नदीमा आएको बाढीले प्रभावित पोखरा महानगरपालिका-१४, गोस्तेका पीडितलाई रोल्पा पोखरा सम्पर्क समाजले सोमबार राहत वितरण गरेको छ।

नदीको बहाव बढ्दा असार २२ गते गोस्ते सेती किनारमा रहेका करिब ४० घर प्रभावित भएका थिए ।बाढीले १५ घर परिवार विस्थापित भएको र त्यसमध्ये अतिप्रभावित र विपन्न वर्गका ८ घर परिवारलाई राहत वितरण गरिएको समाजका पूर्वअध्यक्ष सुन्दर बुढामगरले जानकारी दिए । उनका अनुसार बाढी पीडितलाई चामल, दाल, तेल, नुनलगायत सहयोग गरिएको हो। 'नदी किनारमा रहेका घरहरु निकै जोखिममा थिए । २२ गतेको बाढीले कतिपयको घर पूर्ण रुपमा बगाएको रहेछ । हामी समाजका सदस्यहरु मिलेर उहाँहरुलाई राहत वितरण गरेका छौं,' बुढामगरले भने । असार १९ गतेदेखि परेको भारी वर्षाले कास्की, पोखरालगायत देशै भरि मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो।

# पहिराले बुद्धसिंह मार्ग दुई दिनदेखि अवरुद्ध

पोखरापत्र संवाददाता
तनहुँ, २४ असार

पृथ्वीराजमार्गको वैकल्पिक सडकको रुपमा विकास गर्न लागिएको बुद्धसिंह मार्ग पहिराका कारण दुई दिनदेखि अवरुद्ध भएको छ। तनहुँको सदरमुकाम दमौलीबाट चितवनको घुमाउने निस्कने मिल्ने बुद्धसिंह मार्ग दुई दिनदेखि पहिराले अवरुद्ध हुँदा सर्वसाधारणलाई आवतजावतमा समस्या भएको हो ।

बुद्धसिंह मार्गअन्तर्गत व्यास, बन्दीपुरका विभिन्न खण्डमा ठूलाठूला ढुङ्गा खसेर अवरुद्ध भएको स्थानीयवासी सिद्धान्त थापा मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "शुक्रबारदेखि परेको वर्षाका कारण झरेको पहिराले यो मार्ग पूर्णरुपमा अवरुद्ध छ । मोटरसाइकलसमेत चलाउन मिल्ने अवस्था छैन । सर्वसाधारणले सास्ती भोग्नुपरेको छ ।" केही ठाउँमा ठूला ढुङ्गा खसेका छन् भने कतिपय ठाउँमा विद्युत्को पोल ढलेर बाटो अवरुद्ध भएको उहाँको भनाइ छ।

जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई उक्त मार्ग खुलाउन अनुरोध गरिएको मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "यो बाटो बन्द हुँदा हिँडडुल गर्न समस्या भयो, कोही बिरामी हुँदा एम्बुलेन्ससमेत जान सक्ने अवस्था छैन ।" सम्बन्धित निकायबाट पहिरा हटाएर बाटो खुलाउने आश्वासन पाएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको बुद्धसिंह मार्गले तनहुँको सदरमुकाम दमौली र चितवनको घुमाउने जोड्छ । उक्त सडक हुँदै बन्दीपुर, देवघाट र आँबुखैरेनी गाउँपालिका केही वडाका हजारौँ नागरिक दैनिक आवतजावत गर्ने गर्छन् ।

गण्डकी प्रदेशलाई चितवन र तराईका अन्य जिल्लासँग जोड्ने सबैभन्दा छोटो दूरीको वैकल्पिक सडकको रुपमा उक्त सडकलाई लिने गरिएको छ । प्रदेश सरकारले उक्त सडकको दमौलीबाट व्यास नगरपालिका-१३ को सोढेसम्म दश किलोमिटर कालोपत्रको तयारी गरेको छ ।

उक्त मार्गअन्तर्गत मुग्लिन-नारायणगढ सडकसँग जोड्ने चितवनको घुमाउनेमा पक्कीपुल निर्माणाधीन अवस्थामा छ । सो पुलको सम्पन्न पश्चात् बाटो छोटिने पूर्वाधार विकास कार्यालयले जनाएको छ । पुल निर्माणपछि सो सडक हुँदै यात्रा गर्दा हाल सञ्चालनमा रहेको पृथ्वीराजमार्गको मुग्लिन हुँदै नारायणगढ जानुभन्दा करिब २५ किलोमिटर छोटो पर्दछ ।

ग्रामीण सडक अवरुद्ध

केही दिनदेखि परेको अविरल वर्षाका कारण पहिराले अवरुद्ध तनहुँका ग्रामीण सडक अवरुद्ध भएका छन् । पहिराका कारण शुक्लागण्डकी नगरपालिका-११ कालीकोट सडकखण्ड अवरुद्ध भएको छ। यस्तै सोही वडाको राइपुर साँखे सडक पहिराका कारण अवरुद्ध भएको छ ।

घिरिङ गाउँपालिकास्थित विभिन्न ठाउँमा पहिराले सडक अवरुद्ध बनाएको छ। उक्त ठाउँको गाउँपालिकाका जनप्रतिनिधिले स्थलगत अवलोकन गरेका छन् । भीमाद नगरपालिका-२ हुँदै जाने विभिन्न सडक पहिराका कारण अवरुद्ध भएको वडाध्यक्ष दिनेशकुमार थापाले जानकारी दिनुभयो ।

हाँका अनुसार यो वडा हुँदै जाने भीमकाली सडक, मिर्दी सडक, किहुँ सडक, उत्तर दक्षिण सडक, बिरुवा सडक, खुदेपानी, धरमपानी हुँदै बडहरभञ्ज्याङ सडक तथा भित्री सडक वर्षाका कारण अवरुद्ध भएका छन् ।